# अन्तर्राष्ट्रिय फौजदारी अदालत र नागरिक समाजको दायित्व

- प्रकाश ज्ञवाली

हालैमात्र अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्था एमनेष्टी इन्टरनेशनलले नेपाल सरकारले अन्तर्राष्ट्रिय फौजदारी अदालत स्थापना गर्ने विधान अनुमोदन गर्नुपर्ने माग राख्दै प्रधानमन्त्रीसमक्ष एक ज्ञापनपत्र पेश गरेको छ। अहिले अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापनाका लागि नेपालमा मात्र नभई विश्वव्यापी रूपमै अभियान सञ्चालन भएको छ। विभिन्न खाले युद्ध, ध्वंस र मानवअधिकारविरोधी घटनाहरूको बढ्दो क्रमले सिंगो विश्वलाई नै आतंकित बनाइरहेको अवस्थामा यसको स्थापना अझ टड्कारो बनेको छ।

## अन्तर्राष्ट्रिय फौजदारी अदालत के हो ?

अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) मुख्यतया युद्ध अपराध, मानवताविरोधी अपराध, नरसंहार र अतिक्रमण जस्ता घटनाका दोषीहरूमाथि अनुसन्धान गर्न, मुद्दा चलाउन तथा दण्डको व्यवस्था गर्न स्थापना गरिने एउटा स्थायी अन्तर्राष्ट्रिय अदालत हो। यद्यपि अतिक्रमण भन्नाले कस्ता अपराधहरूलाई जनाउँछ भन्ने कुराको विस्तृत र स्पष्ट व्याख्या हुन तथा सबै राष्ट्रहरूबीच मतैक्यता कायम हुन बाँकी नै छ। यो अदालत स्थापनाका लागि कम्तीमा पनि ६० वटा राष्ट्रले यससम्बन्धी विधान अनुमोदन गर्नु अनिवार्य हुन्छ।

## आईसीसी स्थापनाको आधार : रोम विधान

सन् १९९८ जुलाई १५-१७ सम्म इटलीको राजधानी रोममा अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापनासम्बन्धी संयुक्त राष्ट्रसंघीय कूटनीतिक सम्मेलन भएको थियो। त्यस अवसरमा विधानको अन्तिम प्रारुपको पक्षमा १ सय २० राष्ट्रले मतदान गरेका थिए भने अमेरिका, चीन, इजरायलसमेत ७ राष्ट्रले विपक्षमा मत दिएका थिए। यसबाहेक नेपाललगायत २१ राष्ट्र तटस्थ बसेका थिए। यो विधानमा अन्य कतिपय सन्धि, अभिसन्धिहरूझैं कतिपय सवालमा मौन रहँदै अनुमोदन गर्न पाउने व्यवस्था छैन। विधान अनुमोदन गरिसकेपछि यसका सम्पूर्ण व्यवस्थाहरू मान्नुपर्ने हुन्छ। यही विधान नै आईसीसी स्थापनाको आधार हो।

## वर्तमान अवस्था

रोम विधानमा हालसम्म १ सय ३९ वटा राष्ट्रले हस्ताक्षर तथा ४२ वटा राष्ट्रले अनुमोदन गरिसकेका छन्। यही अक्टोबर ४ मा बेलायत विधान अनुमोदन गर्ने सबैभन्दा पछिल्लो राष्ट्र बनेको छ। आगामी वर्षसम्म आईसीसी स्थापनाका लागि आवश्यक पर्ने ६० वटा राष्ट्रहरूले विधान अनुमोदन गरिसक्ने आशा लिइएको छ। तर भौगोलिक हिसाबले सबैभन्दा ठूलो महादेश एसियाका एकदमै कम राष्ट्रहरूले यो विधानको अनुमोदन र हस्ताक्षर गरेका छन्। एसिया-प्रशान्त क्षेत्रका केवल चारवटा राष्ट्र- फिजी, न्यूजील्याण्ड, मार्सल आइल्याण्ड र ताजिकिस्तानले मात्र यसको अनुमोदन गरेका छन् भने सोह्रवटा राष्ट्रले हस्ताक्षर गरेका छन्। दक्षिण एसियाबाट विधानमा हस्ताक्षर गर्ने राष्ट्र बंगलादेश मात्र हो।

## आईसीसीको क्षेत्राधिकार

अन्तर्राष्ट्रिय फौजदारी अदालतले व्यक्तिको हकमा समेत अनुसन्धान गर्न, मुद्दा चलाउन तथा दण्डको व्यवस्था गर्न सक्छ। आईसीसी युगोस्लाभिया र रुवाण्डामा स्थापना गरिएको जस्तो तदर्थ अदालत नभई एउटा स्थायी अन्तर्राष्ट्रिय अदालत हो। यसबाट विश्वमा हुने युद्ध अपराध, मानवताविरोधी अपराध, नरसंहार र अतिक्रमणका घटनाहरूको तत्काल प्रभावकारी ढंगले छानबिन गर्न, दोषीहरूमाथि अभियोग लगाउन र भविष्यमा त्यस्ता कार्य नदोहोरिउन् भन्नेतर्फ विशेष कदम चाल्न सजिलो हुनेछ। आईसीसीको क्षेत्राधिकार अन्तर्राष्ट्रिय स्तरमा हुने भएकाले राष्ट्रिय अदालतबाट उम्किएका युद्ध अपराध, मानवताविरोधी अपराध र नरसंहारका दोषी तानाशाह र अन्य अपराधीहरूलाई यसको कठघरामा उभ्याउन सकिनेछ। व्यक्ति तथा गैरसरकारी संस्थाहरूले समेत आईसीसीसमक्ष उजुरी दिन सक्नेछन्। सबैभन्दा महत्त्वपूर्ण पक्ष के हो भने आईसीसीको स्थापनापश्चात् यसले प्रभावकारी ढंगले कार्य गर्न सक्यो भने हाल विश्वव्यापी रूपमा देखिएको

दण्डहीनताको स्थिति अन्त्य गरी सत्ता र शक्तिको आडमा अपराध गर्नेहरूमाथि समेत कानुनी दण्डको व्यवस्था हुन सक्नेछ ।

**नेपालको सन्दर्भमा यसको महत्त्व**

नेपालमा मानवताविरोधी अपराध अर्थात् मानवअधिकार उल्लंघनका जघन्य घटनाहरू विगतमा प्रशस्तै भएका छन् । यो क्रम अझै रोकिएको छैन । राज्यस्तरबाट गरिएका हुन् वा संगठित समूहबाट, हत्या, यातना, बेपत्ता जस्ता घटनाका दोषीहरूमाथि कानुनी कारबाही भएको छैन । दण्डहीनताको अन्त्यका लागि नागरिक समाजबाट विभिन्न गतिविधिहरू सञ्चालन गरिए तापनि यसतर्फ सरकारले ठोस कदम चाल्न सकेको छैन । विगतमा मल्लिक आयोग र प्रजातन्त्र पुनःस्थापनाको संघर्षका क्रममा बेपत्ता पारिएका मानिस पत्ता लगाउने समितिले दिएका प्रतिवेदनहरू केवल कागजमै सीमित रहे । ती आयोग र समितिले किटान गरेका दोषीहरूमाथि कारबाही गर्नेतर्फ राज्ययन्त्र पूर्ण रूपले उदासीन रह्यो । यसका अलावा प्रजातन्त्र पुनःस्थापनापश्चात् माओवादी जनयुद्धको क्रममा भएका घटनाहरूको छानबिन र मुद्दा चलाउने कार्य पनि प्रमुख सवाल हो । सम्बन्धित राष्ट्रले अनुमोदन गर्नुअघि उक्त राष्ट्रमा भएका अपराधहरुमा आईसीसीमा मुद्दा लगाउन सकिने प्रावधान भने रोम विधानले गरेको छैन । तसर्थ, नेपालले यसको अनुमोदन गरेमा अनुमोदनपश्चात् हुने युद्ध अपराध, मानवताविरोधी अपराध तथा नरसंहारका घटनाका दोषी राष्ट्रिय न्यायालयबाट उम्कन नपाउने अवसर प्राप्त हुनेछ ।

**विद्यमान चुनौतीहरू**

अहिले विश्वका ठूला र शक्तिशाली राष्ट्रहरू आईसीसी स्थापनाको विपक्षमा रहेका छन् । अमेरिका, चीन जस्ता राष्ट्रहरूको असहमतिले यसको स्थापनाका सवालमा विशेष महत्त्व राख्छ । अमेरिकाले संस्थापक दर्जा लिन आईसीसीमा हस्ताक्षर गरिसक्नुपर्ने अन्तिम अवधि अर्थात् सन् २००० को डिसेम्बर अन्त्यमा हस्ताक्षर गरे पनि अनुमोदन गर्ने पक्षमा देखिएको छैन । यो चुनौतीको एउटा पाटो हो । समग्रमा हेर्ने हो भने विश्वव्यापी रूपमा यसप्रति राजनीतिक इच्छाशक्तिको कमी, राष्ट्रिय न्याय प्रणालीमा विद्यमान समस्याहरू, राज्य र जनता दुवै तहमा यससम्बन्धी ज्ञानको अभाव, राष्ट्र-राष्ट्रका आ-आफ्नै खाले सामाजिक, राजनीतिक तथा सांस्कृतिक अवस्था, आईसीसी स्थापनाका आवश्यक प्रयासहरूको कमी आदि प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

**नागरिक समाजको दायित्व**

अहिले आईसीसी स्थापनाका लागि रोम विधान अनुमोदनको अभियानअन्तर्गत कोलिसन फर एन आईसीसी, एमनेष्टी इन्टरनेशनल तथा विभिन्न मानवअधिकारवादी संघसंस्थाहरूले विश्वव्यापी रूपमा विभिन्न गतिविधिहरू सञ्चालन गरिरहेका छन् । भर्खरैमात्र हाम्रो देशमा रोम विधानको संक्षेपमा नेपाली रूपान्तरण गरिएको छ । छिटफुट रूपमा यससम्बन्धी कार्यक्रमहरू पनि हुँदै आएका छन् । तर पनि यी पर्याप्त छैनन् । अर्कातर्फ सरकारले यसको अनुमोदनतर्फ कुनै तत्परता देखाएको छैन । हाम्रो देशको अवस्था र क्षमताको यथोचित मूल्यांकन नै नगरी अन्य कतिपय सन्धि, अभिसन्धिहरू अनुमोदनका लागि हतार गर्ने सरकारले आईसीसी स्थापनाका लागि रोम विधानको अनुमोदनका सवालमा उदासीन रहनु दुःखद कुरा हो । तसर्थ यसका लागि प्रयत्न गर्ने जिम्मेवारी नागरिक समाजको काँधमा आएको छ । अहिले सरकारलाई रोम विधानको अनुमोदनका लागि दबाव दिनुका अलावा यससम्बन्धी व्यापक जनचेतना जगाउनुपर्ने खाँचो छ । हाम्रो राष्ट्रिय न्याय (कानुनी) प्रशासन, भौगोलिक अवस्था, आईसीसीप्रति छिमेकी राष्ट्रहरूको दृष्टिकोण र आईसीसी स्थापनाको अवस्थामा पर्ने सबैखाले असरहरूको बारेमा विश्लेषण गर्नु आवश्यक छ । सामाजिक संघसंस्थाहरूबीच समन्वय कायम गरी यसको पक्षमा अभियान सञ्चालन गर्ने र यसप्रति देखाउन थालिएको चासो अझ बढाउनेतर्फ ध्यान दिनु उत्तिकै अपरिहार्य छ । अन्यथा, सरकार अन्धकार र उदासीनताको घेराबाट माथि उठ्न सक्नेवाला छैन ।

*(कान्तिपुर दैनिक, २०५८ कार्तिक १३ गते सोमबार)*